# कृषि बजारको सम्याव्यता अध्ययन व्यवसायिक योजना तयार गर्ने कृषि बहार संचालन कार्यविधि र चिस्यान भण्डार (Cold Storage) संचालन व्यवस्थापन कार्यविधि तयार गर्ने कार्यका लागि सेवा करारनामा शर्त (TOR)

## 1. पृष्ठभुमिः

नगरपालिकाले दिगो कृषि बजार निर्माण, सञ्चालन तथा व्यवस्थापन, चिस्यान गृहको सञ्चालन तथा व्यवस्थापन गर्ने लक्ष्य बमोजिम यस नगरपालिकाले निर्माण गरेको थोक तथा खुद्रा कृषि बजार र चिस्यान गृहको दिगो सञ्चालन व्यवस्थापन गर्न स्थानीय ऐन तथा कार्यविधि सञ्चालन कार्यविधि र बजारको सम्भाव्यता अध्ययन र व्यवसायिक योजना आवश्यकता परेकाले देहायको कार्य गर्न आवश्यक ठानिएको हो।

कुनै पनि स्थानीय तहले आफ्ने क्षेत्रका विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गरी सो को आधारमा विकास योजना सम्बिधन गराने तथा नगरेको कार्यलाई व्यवस्थित गर्नको लागि ऐन नियम तर्जुमा गर्नुपर्ने हुन्छ । योजनाबद्ध तथा दिगो विकासका लागि सुचनामा आधारित विकास योजनाहरु तर्जुमा हुनुपर्ने मान्यता बलियो हुदैँ गएको छ । सोहि अनुरुप नगरका कार्यहरु व्यवस्थित गर्नको लागि तयार गरिने ऐन नियम कार्यविधिहरु स्थानीय तहले माथिल्लो निकाय सँग नबाझिने गरी स्थानीय आवश्यकताको आधारमा तय गर्दा बस्तुपरक हुने र कार्यन्यवन गर्न पानि सहज हुने हुदाँ विकास पद्धतिलाई संस्थागत गर्न समेत मद्दत गर्दछ। नयाँ गठित स्थानीय तहले जनताको सबैबन्दा नाजिकमा रहि स्थानीय विकास तथा सार्वजनिक सेवा प्रवाहमा मौका पाएका छन्। उक्त मौकाको सदुपयोग गर्न तथ्यमा आधारित योजना निर्माण गर्नुपर्दछ र स्थानीय तहले प्राप्त गरेको आधिकारलाई प्रयोग गर्ने दायित्व हरेक स्थानिय तहको हुन्छ । यसैले व्यवहारिक ऐन तथा कार्यविधि, व्यवसायिक योजना तयार पार्नका लागि विभिन्न संघ संस्था तथा परामर्शदाता बाट कार्यान्वयन गराउन यो कार्यक्षेत्रगत शर्त तयार पारिएको छ।

## 2. उदेश्यः

यस दमक न.पा. ले दिगो कृषि बजार निर्माण संचालन र व्यवस्थापन साथै चिस्यान गृहको संचालन र व्यवस्थापन गर्न स्थानीय ऐन तथा कार्यविधि र व्यवसाहिक योजना तयार गर्ने र प्रकाशन गर्ने।

## 3. कार्यक्षेत्रः

न.पा भित्रका सवै वडाहरुले कृषि उपजहरुको उत्पादनको अवस्था, बजारको अवस्था, कृषि पेशामा संग्लन व्यक्तिहरुको राय लगायतका विषयहरु नगरका वासिन्दा बजार सँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषय समेटी प्राप्त सरसल्लाह तथा सुझाव अनुसार अध्ययन गरी ऐन तथा कार्यविधि, व्यवसायिक योजना निरर्माण गर्ने।

४. **परामर्शदाता टोलीको संरचना तथा योग्यताः**

परामर्शदाता संस्थाका तर्फबाट ऐन तथा कार्यविधि तर्जुमा टोलीका एका जना टोली प्रमुख / विकास योजना विज्ञ सहित अर्थशास्त्रि, कृषि विज्ञ, सुचना तथा कम्पुटर अपरेटर, तथ्याङ्क संकलक / कम्पुटर अपरेटर समेतको संग्लग्नता आवश्यक पर्नेछ। परामर्शदाताको तर्फबाट आवश्यक पर्ने विषय विज्ञ तथा व्यक्तिहरुको विवरण र जिम्मेवारी निम्नानुसार हुनु पर्ने छ।

कृषिबजारको सम्भाव्यता अध्ययन, व्यवसायिक योजना, बजार संचालन ऐन तथा कार्यविधिको लागिः
टोलि प्रमुख – १ जना / कानुन विज्ञ – १
बजार अध्ययन तथा व्यवसायिक योजना विज्ञ – १ जना
कम्पुटर अपरेटर / ड्राफ्ट पर्शन – १ जना
प्रशासनिक सहायक / तथ्याङ्क संकलन – १ जना

५. **योग्यता तथा अनुभवः**

- समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र वा कानुन विषयमा स्नातकोत्तर गरी स्थानीय शासन, कानुन निर्माण एवं योजना तर्जुमा सम्बन्धी अनुभव भएको (१ जना अनिवार्य) अर्थशास्त्र
- कृषि विषयमा स्नानकोत्तर वा कृषि विषयमा स्नातक गरी अर्थशास्त्र वा व्यवस्थापन विषयमा स्नातकोत्तर गरी बजार अध्ययन तथा व्यवसायिक योजना निर्माणमा अनुभव भएको – (१ जना अनिवार्य)
- कम्तीमा ५ वर्षको अनुभव भएको
- अन्य स्टाफहरुको हकमा सम्बन्धित काममा विज्ञता हासिल गरेको, कम्तिमा १०+२ तह उत्रिर्ण
- ऐन, कार्यविधि व्यवसायिक योजना तयार गर्नर सम्बन्धि गोष्ठी, परामर्श तथा छलफल सहजीकरण गर्न सक्ने।

**कोल्ड स्टोरेज (चिस्यान गृह) को संचालन तथा व्यवस्थापन कार्यविधिको लागि :**

- टोली प्रमुख / विज्ञ - १ जना
- कोल्ड स्टोरेज संचालन तथा व्यवस्थापन वज्ञ - १ जना

- प्रशासनीक तथा कम्प्युटर अपरेटर - १ जना

**आवश्यक न्यूनतम योग्यता :**

- चिस्यान गृहको निर्माण, संचालन, व्यवस्थापन सम्बन्धी विज्ञता हासिल गरेको।
- एग्रिकल्चरल / मेकानिकल ईन्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक (स्नाकोत्तर लाई प्राथमिकता दिईनेछ) तह उत्तिर्ण गरी कोल्ड स्टोरेज संचालन व्यवस्थापनमा कम्तिमा ३ वर्षको अनुभव प्राप्त भएको।
- स्थानिय स्तरमा गोष्ठी, परामर्श तथा छलफल सहजिकरण गर्न सक्ने।

## ६. कार्य विवरण :

- व्यवसायिक योजना, ऐन तथा कार्यविधि तयार गर्न छनौट भएका परामर्शदाताले यसै बमोजिमका विषयवस्तुको अधिनमा रहि कार्य सम्पन्न गर्ने।
- चिस्यान गृहको मापदण्ड, संचालन तथा व्यवस्थापन कार्यविधि तयार गर्ने।
- स्थानिय स्तरमा एक जना चिस्यान गृह संचालन व्यवस्थापन गर्न सक्ने गरि विज्ञ तयार गर्ने।

### ६.१ ऐन तथा कार्यविधी तयारीका चरणहरु :

- पहिलो: कृषि सँग सम्बन्धित विवरणको तथ्याङ्क संकलन गरी,ढाँचा, सर्वेक्षण औजार तथा विधि तयारी।
- दोस्रो: तयारी गोष्ठी तथा कार्ययोजना तयारी।
- तेस्रो: तथ्याङ्क संकलन (वडा र हाटबजार बाट प्राप्त हुन सक्ने तथ्याङ्क संकलन)।
- चौथो: सरोकारवाला सँग छलफल तथा तथ्याङ्क विश्लेषण प्रस्तुती।
- पाँचौ: ऐन / कार्यविधिको मस्यौदा तयारी।
- छैठौ: मस्यौदा प्रस्तुतीकरण।
- सातौ: ऐन कार्यविधिको तयारी तथा प्रकाशन।

### ६.२ प्रस्तावकले गर्नुपर्ने कार्यहरु :

- स्थानिय बजार अवलोकन, सरोकारवालासँग छलफल तथा विषयवस्तु अध्ययन गर्ने।

- प्रचलित ऐन कानुनको विस्तृत अध्ययन गर्ने ।
- दमक नगरपालिकाले तयार गरेका यस विषयसँग सरोकार राख्ने अन्य स्थानिय ऐन तथा कार्यविधि अध्ययन गर्ने ।
- वर्तमान कृषि बजारको दिगो व्यवस्थापन बाट भविष्यमा पर्ने सकरात्मक प्रभाव अध्ययन विश्लेषण गर्ने ।
- नेपाल सरकारको कृषि विकास रणनीतिको अध्ययन गर्ने ।
- ऐन तथा कार्यविधिहरु तयार गर्ने सिलसिलामा नगरपालिकाको जिम्मेवार पदाधिकारी, सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला सँग समुहगत तथा व्यक्तिगत छलफल गरी सुझाव संकलन गर्ने ।
- प्रत्येक वडामा १०-१० जनाका दरले ६ वडाका १५० जना कृषि उत्पादक समुह प्रतिनिधि, सहकारी प्रतिनिधि, विक्रेता तथा सरोकारवालासँग स्थानिय स्तरमा गई राय सर्वेक्षण गर्ने ।
- दमक नगरपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उदेश्य साथै स्थानिय आवश्यक्तालाई केन्द्रविन्दुमा राखी प्रचलित ऐन कानुनको अधिनमा रहि वा रहने गरी कृषि बजार ऐन, कृषि बजार संचालन व्यवस्थापन कार्यविधि, कृषि बजार सम्भाव्यता अध्ययन प्रतिवेदन, कृषि बजार र कोल्ड स्टोरेजको व्यवसायिक योजना र चिस्यान भण्डार संचालन व्यवस्थापन कार्यविधि गरी (५ वटा जम्मा) अलग अलग कार्यविधि तयार गर्ने ।
- कार्यविधिको मस्यौदा प्रतिवेदनका विषयमा नगरपालिकाको पदाधिकारी, कर्मचारी तथा सरोकारवालासँग अन्तिम छलफल गरी सुझाव संकलन गर्ने ।

७. **कार्य अवधी :**

- सम्झौता भएको मितिले २ महिनामा अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने ।

८. **परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदनः**

परामर्शदाताले माथि उल्लेखित विवरणको मस्यौदा तयार गरि पेश गर्नुपर्नेछ । पेश भएका मस्यौदा प्रतिवेदन माथि सरोकारवालाको उपस्थितिमा छलफल र अन्तरक्रिया हुनेछ । अन्तरक्रियामा प्रस्तुत सुझाव समेटी अन्तिम प्रतिवेदन प्रस्तयत गर्नुपर्नेछ । प्रतिवेदन अपर्यात्प भएको पाइएमा सुधार गरी ल्याउन सुझाव दिइनेछ । एक प्रति अन्तिम प्रतिवेदन र सफ्ट कपि पेन ड्राइभमा बुझाउनुपर्नेछ ।

९. **भुक्तानीको प्रक्रिया :**

नगरपालिकाको ऐन तथा कार्यविधि तयारीको प्राविधिक परामर्श कार्यका लागी परामर्शदातालाई सम्झौतामा उल्लेख भए वमोजिम परामर्श शुल्कको लागी रकम भुक्तानी देहाय अनुसार हुने छ ।

- Inception Report बुझाए पश्चात ३०% को कार्य सम्पन्न भएको मानि सोहि बराबरको भुक्तानि दिइने ।
- प्रारम्भिक मस्यौदा प्राप्त भए पश्चात ३०% दिइनेछ ।
- वाँकी अन्तिम प्रतिवेदन पेश भए पश्चात दिइनेछ ।